**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2392-443**

**DOI:** https://doi.org/10.3126/ps.v21i1.59654

# मोहनबहादुर मल्लका औपन्यासिक कृतिको प्रयोजनगत विश्लेषण

उपप्रा. आनन्दराज सिलवाल
नेपाली विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: silwalananda26@gmail.com

## लेखसार

प्रस्तुत आलेख *मोहनबहादुर मल्लका औपन्यासिक कृतिको प्रयोजनगत विश्लेषण* शीर्षकमा आधारित रहेको छ । उनका *उजेली छाया, पञ्चायत, समयको हुरी, भुमरी* र *जेली* गरी पाँचओटा उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेका छन् भने *मायारानी, बहादुर नजर* र *रामछायाँ* गरी तीनओटा उपन्यास ऐतिहासिक, राजनीतिक तथा सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । मल्लका उपन्यासमा सामाजिक, राजनीतिक तथा ऐतिहासिक विषयलाई केन्द्रभागमा राखेर नेपाली समाजको सजीव चित्र उतारिएको छ । प्रयोजनपरक आधारमा मल्लका उपन्यासको अनुसन्धानमूलक अध्ययन नभएको सन्दर्भमा यसैअनुरूप व्यवस्थित ढाँचामा विश्लेषण गर्नु प्रस्तुत आलेखको मुख्य समस्या हो । प्रस्तुत मूल समस्याको समाधानार्थ मल्लका औपन्यासिक कृतिको प्रयोजन के हो ? भन्ने प्राज्ञिक जिज्ञासाको उत्तरका लागि उनका औपन्यासिक कृतिको विश्लेषण गरी समस्यागत रिक्तताको परिपूर्ति गर्ने काम यसमा गरिएको छ । मल्लका औपन्यासिक कृतिको विविध अवधारणामा आधारित पूर्वकार्यको समीक्षा गरी अध्ययनको समस्यागत रिक्तताको खोजी गर्ने काम प्रस्तुत आलेखमा गरिएको छ । प्रस्तुत आलेखमा मल्लका उपन्यासको विश्लेषण गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलित प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको समष्टिगत गुणात्मक पद्धतिमा रही अर्थापनढाँचाअनुरुप विश्लेषण गरिएको छ । उपन्यासमा मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रुपमा अभिव्यक्त गरिएको हुन्छ । साहित्यका अन्य विधा सिर्जनाको प्रयोजन भएजस्तै उपन्यास विधाको पनि आफ्नै प्रयोजन रहेको छ । औपन्यासिक कृतिको कलात्मक संयोजनबाट समसामयिक यथार्थको उद्घाटन, जनजीवनको विशेष अवस्थाको चित्रण, पात्रका मनोदशागत यथार्थको उद्घाटन, उचित सौन्दर्यकलाबाट कौतुहलताको सिर्जना गर्नुलाई यसको प्रयोजनका रुपमा लिन सकिन्छ ।

*शब्दकुञ्जी :* औपन्यासिक, कौतुहलता, मनोदशागत, समसामयिक, सौन्दर्यकला

## विषयपरिचय

मोहनबहादुर मल्ल (१९६८-२०३५) का आजसम्म *उजेली छाया* (२००८), *मायारानी* (२००९), *पञ्चायत* (२०१०), *समयको हुरी* (२०१५), *भुमरी* (२०१६), *बहादुर नजर* (२०३६), *जेली* (२०३९) र *रामछायाँ* (२०६२) गरी आठओटा उपन्यास प्रकाशित भइसकेका छन । *उजेली छाया* उपन्यासमा विवाहका सन्दर्भमा उजेलीलाई स्वार्थवश सौतेनी आमा र पण्डितले दिएको यातनाका साथै सुवर्णध्वजले खेप्नु परेको झुट्टा मुद्दाबाट सिर्जित स्थिति, *मायारानी* उपन्यासमा अभिभावकका कारण मायाप्रेम बसेको ललितसँग मायारानीको विवाह नभएर बूढो चौतरियासँग हुँदा उसको मनमा उत्पन्न पीडाका साथै यौनवासनामा लिप्त चौतरियाका क्रियाकलाप, *पञ्चायत* उपन्यासमा सान्नानीलाई लोग्नेको मृत्यपछि जेठाजु हरिहरले अंशभाग नदिएर घरबाट निकाल्दा पञ्चायतमा परेको उजुरी उपर बलेको आगो ताप्न मस्त मानिसले न्याय दिलाउन नसक्नुका साथै अनेक जालझेल गरी गाउँको प्रधानपञ्च बनेर नयाँसाहुले बहुविवाह गर्ने तथा गाउँका निमुखा मानिसलाई दुःख दिएको चित्रण, *समयको हुरी* उपन्यासमा नारीलाई शिक्षातर्फ अभिप्रेरित गरी जातीय विभेद अन्त्य र समतामूलक समाजनिर्माणमा सक्रिय प्रभाकर, न्यूजी र विद्याका बाबु तथा छोरीलाई पढाउन नचाहने विद्याकी आमा र पद्मीलाई अछुत मान्ने लक्ष्मीधरका साथै सम्पत्तिको लोभमा प्रभाकरलाई दुःख दिने ज्ञानीका आमाछोरीका क्रियाकलाप आएका छन् ।

यसरी नै *भुमरी* उपन्यासमा राजनीतिक उल्झन खेप्न बाध्य किरण, कुमारी आमा बन्न बाध्य किरणकी आमाका व्यथा, बालविधवा गङ्गा अनि जमुनाका पीडा, जमुनाकी आमा, ठुल्नानी तथा किरणका सहयोगी झ्यापी र चिपिरेका क्रियाकलाप, *बहादुर नजर* उपन्यासमा बहादुर शाहमा भएको कार्यकुशलतागत चातुर्य गुणले नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिममा गण्डकीसम्म विस्तार हुनु तर त्यो भूमिकालाई तत्कालीन दरबारले ग्रहण नगरी उनीप्रति अन्याय गरेको चित्रण, *जेली* उपन्यासमा धनराज, मानराज र देवदासजस्ता एकथरी धनमानआर्जन र दीनदास, गीता, रिठ्ठे र लुठेजस्ता अर्कोथरी गास, बास र कपासको खातिर गरेका सांसारिक बन्धनका क्रियाकलापको चित्रण, *रामछायाँ* उपन्यासमा सिञ्जा राज्यको शक्ति, राजकुमारको वीरता, आत्मीय प्रेमका साथै सुर्खेतको जङ्गलमा अवस्थित त्यसबेलाको समाजमा बसोबास गर्ने राउटे र कुसुण्डाको अवस्थाको चित्रण आएको पाइन्छ । मल्लका उपन्यासमा समाज परिवर्तनको दिशातर्फ उन्मुख, सामाजिक अन्धविश्वास एवम् रूढिवादी गुणका पात्रबाट जातपात र छुवाछुतका व्यवहार, प्रेमप्रणय, यौनलिप्सा, राणा र पञ्चायती शासन व्यवस्थाका विभेद र निरंकुशताका स्थिति प्रकट भएका छन् । उनका उपन्यासमा राणाकालीन तथा पञ्चायती शासन व्यवस्थामा देखिएका जनहित बिरोधी क्रियाकलाप आएका छन् । मल्लका उपन्यासमा २००७ सालभन्दा अगाडि र पछाडि घटेका आर्थिक, सामाजिक, राजनीतिक तथा ऐतिहासिक घटना व्यक्त भएका छन् । समाजमा देखिएका यस्ता सन्दर्भहरुलाई प्रस्तुत गर्नु मल्लका औपन्यासिक कृतिको मूल प्रयोजन हो ।

**Article information**
**Received**: 9 September 2023
**Accepted:** 29 September 2023
**Published**: 9 October 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

## अध्ययनको समस्या र उद्देश्य

मल्लका उपन्यासका विषयमा सामान्य समीक्षात्मक अध्ययन, जीवनी, व्यक्तित्व र कृतित्वपरक अध्ययन, नेपाली साहित्यको ऐतिहासिक कृतिमा सान्दर्भिक प्रसङ्गका क्रममा यदाकदा सामान्य अध्ययन गरिनु बाहेक प्रयोजनपरक मान्यताको आधारमा उनका उपन्यासको विश्लेषण नभएको सन्दर्भमा प्रस्तुत अध्ययन गर्नु आफैमा महत्त्वपूर्ण तथा उपलब्धिमूलक रहेको छ । प्रस्तुत अध्ययनमा मल्लका औपन्यासिक कृतिको प्रयोजन के हो ? भन्ने विषयगत मूल समस्याको प्राज्ञिक समाधान खोज्नका निमित्त पहिचान र विश्लेषणमा केन्द्रित उद्देश्य निर्धारण गरिएको छ । उनका औपन्यासिक कृतिको प्रयोजनपरक पहिचानका निमित्त उपन्यासमा प्रयुक्त विविध विषयगत पक्षको निर्धारण तथा सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक अध्ययनमा केन्द्रित रही समाधान गर्नु प्रस्तुत आलेखको मुख्य उद्देश्य रहेको छ। प्रस्तुत अध्ययन मल्लका औपन्यासिक कृतिको प्रयोजनमा आधारित समस्याकथन र सोही विषयको निरुपणमा आधारित उद्देश्यमा सीमाङ्कित गरिएको छ ।

## पूर्वअध्ययनको समीक्षा

मोहनबहादुर मल्ल *उजेली छाया* उपन्यासका माध्यमबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनका आजसम्म आठओटा उपन्यास प्रकाशित भइसकेका छन् । मल्ल उपन्यास, नाटक, कथा, निबन्ध, इतिहासजस्ता बहुविधाका सर्जक भए पनि उनको सर्वाधिक सफलता उपन्यास विधामा रहेको पाइन्छ । उनका उपन्यासको विषयवस्तु सामाजिक तथा ऐतिहासिक रहेको देखिन्छ । मल्लका उपन्यासमा सामाजिक र ऐतिहासिक विषयलाई केन्द्रभागमा राखेर नेपाली समाजको सजीव चित्र उतारिएको पाइन्छ । उनका उपन्यासका बारेमा आजसम्म भएका कृतिगत भूमिका, समीक्षात्मक आलेख, समालोचनात्मक ग्रन्थ, साहित्यको इतिहास लेखनगत सन्दर्भका साथै विविध अध्ययनलाई आधार बनाएर नियाल्दा उनमा सामाजिक यथार्थवादी, सुधारवादी, मानवतावादी, नारीवादीका साथै समानतावादी प्रवृत्ति रहेका छन् ।

प्रयोजनपरक मान्यताका आधारमा मल्लका उपन्यासको व्यवस्थित रूपमा अध्ययन, अनुशीलन र विश्लेषण गरी मूल्याङ्कनको तहमा प्रवेश नपाएको सन्दर्भमा उनका उपन्यासको प्रयोजन के हो ? भन्ने प्राज्ञिक समस्याको निदान गरी मूल्याङ्कनका तहमा प्रवेश गराई गर्नुपर्ने बाँकी कामको पहिचान गराउन प्रस्तुत अध्ययन महत्त्वपूर्ण रहन गएको छ । उनका उपन्यासको सामाजिक पक्षका आधारमा अध्ययन भए पनि प्रयोजनगत आधारमा आजसम्म अध्ययन भएको छैन । यसै सन्दर्भको रिक्तता पत्ता लगाउने हेतुले पूर्वकार्यको समीक्षामा ध्यान दिइएको छ । मल्लका उपन्यासमा आधारित अधिकांश अध्ययन सर्वेक्षण पद्धति एवम् प्रभावपरक समालोचनामा आधारित रहेको हुँदा सामान्य सूचनामूलक जानकारी प्राप्त गर्ने सन्दर्भमा मात्र उपयोगी रहेका छन् । उनका उपन्यासका बारेमा सामाजिक यथार्थमा आधारित रहेका अध्ययन प्रस्तुत आलेखको विश्लेषणका तहमा उपयोगी छन् । मल्लका उपन्यासका बारेमा भएका पूर्वकार्यमा अधिकांश नेपाली साहित्येतिहास लेखन, औपन्यासिक इतिहास लेखनका साथै समीक्षात्मक तथा समालोचनात्मक कृति लेखनका सन्दर्भमा प्रसङ्गवश भएका अध्ययनले मल्लका उपन्यासको विषयमा सामान्य सूचनामूलक जानकारी प्रदान गर्ने बाहेक प्रस्तुत अध्ययनको समस्या निराकरण गर्ने सन्दर्भमा बढी उपयोगी नभए पनि मल्लका औपन्यासिक प्रवृत्ति र सामाजिक सन्दर्भ प्राप्त गर्ने सन्दर्भमा उपयोगी रहेका छन् । उनका उपन्यासको विषयमा निश्चित तह पार गर्ने उद्देश्यबाट अभिप्रेरित भई गरिएका अध्ययन, प्रतिनिधिमूलक उपन्यासको अध्ययन तथा विविध पत्रपत्रिकामा परिचयात्मक एवम् विशेषतामूलक लेख प्रकाशित भएका छन् । कुनै आलेखमा मल्लका सामाजिक पक्षको गहिरो विश्लेषण गरिएको छ भने कुनै विवरणात्मक एवम् सर्वेक्षणात्मक विधिका आधारमा सतही अध्ययन गरिएको छ। उनका उपन्यासको विषयमा आजसम्म पनि प्रयोजनपरक मूल्यमान्यताका आधारमा व्यवस्थित रूपमा अध्ययन नभएको सन्दर्भमा प्रस्तुत अध्ययनले उक्त क्षेत्रमा रहेको रिक्तता परिपूर्ति गरेको छ ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत अध्ययन मल्लका औपन्यासिक कृतिहरुको प्रयोजनमा केन्द्रित रहेको छ । प्रयोजनीय समालोचनाले साहित्यिक कृतिको विश्लेषण गर्ने महत्त्वपूर्ण आधार प्रस्तुत गरेको सन्दर्भमा तिनै आधारमा केन्द्रित भई प्रस्तुत अध्ययनको समस्यागत प्राज्ञिक समाधानात्मक उद्देश्यका साथै प्रयोजनीय समालोचनात्मक विश्लेषणमा सीमाङ्कित गरिएको छ । प्रस्तुत आलेखमा मल्लका समग्र कृतिलाई मूलस्रोत र उपन्यासलाई नमुना छनोट गरी प्राज्ञिक समस्याको प्रमाणिक समाधानात्मक सोद्देश्य परिपूर्तिका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलित प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको प्रयोजनीय आधारमा समष्टिगत गुणात्मक पद्धतिअनुरुप विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा मल्लका उपन्यास र प्रयोजनीय समालोचनाका मान्यतालाई प्राथमिक तथा अन्य अध्ययनलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

उपन्यास आख्यानात्मक साहित्यिक विधाको रुपमा स्थापित रहेको छ । साहित्यमा उपन्यास विधाको उदय मानव जीवनको व्यापकतालाई अङ्कन गर्नसक्ने सिर्जनाका रुपमा भएको छ । उपन्यासमा समाजको फराकिलो बिम्ब प्रस्तुत भएको हुन्छ । उपन्यासले सीमित आयतनमा असीमित समाजको बिम्ब समेटेको हुन्छ। साहित्यिक विधाअन्तर्गत उपन्यासको उपस्थिति एक सीमित परिवेशको आधारमा एउटा सामाजिक तथा लघु ब्रह्माण्डको रुपमा हुन्छ । उपन्यासमा मानवीय मर्मको अविस्मरणीय कलात्मकताले प्रवेश पाएको हुन्छ । उपन्यासमा लौकिक भावनाबाट ओतप्रोत भएका मानव मनको सूक्ष्म चित्रण भएको हुन्छ । औपन्यासिक शिल्पले कलाको विराट अनुभवको उज्यालो फ्याँकिरहेको हुन्छ र पाठकले अफठ्यारामा बाटो पहिल्याउँछ ।

साहित्यमा मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रुपमा अभिव्यक्त गरिएको हुन्छ । साहित्यको प्रयोजन सौन्दर्यको अनुभव र ज्ञानको प्राप्तिद्वारा हृदयको विस्तार गर्नु हो ( उपाध्याय, २०६७, पृ. ३१) । प्रस्तुत भनाइबाट साहित्यको प्रयोजन सौन्दर्यको अनुभव र ज्ञानको प्राप्ति भन्ने बुझिन्छ। साहित्यले शब्द र अर्थ, कल्पना र भावना तथा भाव र विचार आफूमै समाहित गर्नुका साथै हितको सम्पादन गरेको हुन्छ । साहित्यमा पाइने कल्याणाभिमुखी प्रवृत्ति नै यसको मुख्य प्रयोजन हो र यसको साहित्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अभिव्यक्त भएको हुन्छ (थापा, २०६६, पृ. २०) । प्रस्तुत कथनबाट साहित्यको प्रयोजन कल्याणाभिमुखी हुने कुरा स्पष्ट हुन्छ ।

साहित्यका अन्य विधागत सिर्जनाको प्रयोजन भएजस्तै उपन्यास विधाको पनि आफ्नै प्रयोजन रहेको छ। भौतिक सामाजिक आधार

कारण हो भने साहित्यको जन्म कार्य हो । प्रयोजन भन्नाले काम, आशय, मनसुवा, उद्देश्य, उपयोग आदिलाई बुझिन्छ (पाण्डेय, २०५७, पृ.८३९) । प्रयोजनको यस तात्पर्यलाई उपन्यासको प्रोजनसँग सामञ्जस्य गर्दा उपन्यास के काम, आशय, मनसुवा, उपयोग वा उद्देश्यका लागि लेखिएको हो त्यही नै यसको प्रयोजन हुनेगर्छ भन्ने कुरा बुझ्न सकिन्छ । मोहनराज शर्माले प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुने र प्रयोजन नै उद्देश्य हुने कुरा व्यक्त गरेका छन् (शर्मा, २०५०, पृ. ४३) । शर्माको प्रस्तुत भनाइबाट उपन्यासको उद्देश्य नै प्रयोजन हो भन्ने बुझिन्छ । यसै सन्दर्भअन्तर्गत उपन्यास विधामा विविध सत्यको झलक प्रस्तुत गर्ने, विविध क्षणविशेषको अनुभूतिलाई देखाउने, कुनै व्यक्तिविशेषको चरित्र वा प्रकृतिको उद्घाटन गर्ने, कुनै समाजको चित्रण गर्ने, कुनै समयसापेक्ष वा निरपेक्ष विचार र धारणा व्यक्त गर्ने एवम् यथार्थको प्रकटीकरण गर्ने प्रयोजन वा उद्देश्य राखिएको हुन्छ (गौतम, २०६९, पृ. १८) । गौतमको प्रस्तुत भनाइबाट उपन्यास विधामा लक्षित समसामयिक यथार्थको उद्घाटन र सामाजिक जनजीवनको चित्रण हुने हुँदा यसको प्रयोजन वा उद्देश्यलाई सङ्केत गरेको देखिन्छ ।

साहित्यको प्रयोजनका सन्दर्भमा पूर्वीय आचार्यहरु तथा पाश्चात्य चिन्तकहरुले प्रशस्त विचारविमर्श गरी दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत सन्दर्भमा पूर्वका भरत, भामह, यमन, विश्वनाथजस्ता आचार्यहरुले धर्म, अर्थ, काम, मोक्ष, प्राप्ति, आनन्द, यश, रसनिष्पत्ति, उपदेश, सुरक्षा, फलप्राप्ति, व्यवहारज्ञान, आश्चर्य, चमत्कार, बुद्धि, हित र मनोरञ्जनसमेतलाई साहित्यको प्रयोजन मानेका छन् । यसै सन्दर्भमा पश्चिमका चिन्तकहरुले आनन्द, नीतिशिक्षा, मनोरञ्जन, कौतुहल सृष्टि, हाँस्य, सुधार, समस्या चित्रण, राजनीतिक चित्रण, जीवनदर्शनको प्रकटीकरण, लोकहित, लोकमङ्गल, सौन्दर्यको खोजी र अमरत्व प्राप्तिसमेतलाई साहित्यको प्रयोजन मानेका छन् (शर्मा, २०५०, पृ. ४६) । गद्यमा लेखिएको महाकाव्य मानिने उपन्यास साहित्यको एउटा महत्त्वपूर्ण विधा भएकाले पूर्वीय आचार्यहरु तथा पश्चिमी चिन्तकहरुद्वारा प्रस्तुत गरिएका प्रयोजनसम्बन्धी मान्यताअन्तर्गत उपन्यास विधाको प्रयोजनलाई जोड्न सकिने देखिन्छ ।

उपन्यास विविध प्रकृतिका हुन्छन् । उपन्यासमा प्रयुक्त पात्रले पनि औपन्यासिक प्रयोजन खुलाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । उपन्यासमा आएको विषयवस्तुले पनि औपन्यासिक प्रयोजन खुलाउन भूमिका खेलेको हुन्छ । यसै सन्दर्भमा सामाजिक उपन्यासले समाजमा विद्यमान सामाजिक घटनागत यथार्थको उद्घाटन गर्ने प्रयोजन राखेको हुन्छ । यसरी नै ऐतिहासिक उपन्यासले इतिहासका तीथिमिति सहितको घटनागत यथार्थको उद्घाटन गर्ने प्रयोजन राखेको हुन्छ । त्यस्तै गरी मनोवैज्ञानिक उपन्यासले मानवजगतबाट आवश्यकतानुसार टिपोट गरी उपन्यासमा प्रवेश पाएका पात्रको आन्तरिक र बाह्य मनोदशागत यथार्थको उद्घाटन गर्ने प्रयोजन राखेको हुन्छ । यस्ता सबैखाले विषयको सामञ्जस्यताबाट कौतुहलताको सिर्जना गरेर सौन्दर्यकलाको सृष्टि गर्नु उपन्यासको प्रयोजन हो । औपन्यासिक कृतिको कलात्मक संयोजनबाट समसामयिक यथार्थको उद्घाटन, जनजीवनको विशेष अवस्थाको चित्रण, पात्रका मनेदशागत यथार्थको उद्घाटन, उचित सौन्दर्यकलाबाट कौतुहलताको सिर्जना गर्नुलाई यसको प्रयोजनका रुपमा लिन सकिन्छ । यसर्थ प्रयोजनमा केन्द्रित भई मल्लका औपन्यासिक कृतिको विश्लेषण गरिएको छ ।

## मल्लका औपन्यासिक कृतिको प्रयोजनगत विश्लेषण

साहित्यमा प्रयोजनको उपस्थिति रहेको हुन्छ । मल्लका *उजेली छामा, मायारानी, पञ्चायत, समयको हुरी, भुमरी, बहादुर नजर, जेली* र *रामछायाँ* उपन्यासमा प्रयुक्त प्रयोजनको खोजी गरिएको छ । उनका उपन्यासमा सुदूर ग्रामीण समाज, ग्रामीण समाज र सहरिया समाजका मानिसलाई निरन्तर गतिशील बनी समतामूलक समाजनिर्माणका चिन्तन भर्नु यसको प्रयोजन रहेको छ । मल्लका उपन्यासमा अगिल्लो पुस्ताले पछिल्लो पुस्तालाई असल विचार हस्तान्तरण गर्नुपर्ने चिन्तन सिंचित गर्नु उपन्यासलेखनको मूल प्रयोजन रहन गएको छ । उनका उपन्यासमा उद्योगी भावना, शैक्षिक जागरण र समाजसुधारको भावना अभिप्रेरित गर्नु यसको प्रयोजन रहेको छ । मल्लका उपन्यासमा प्रयुक्त सबै खालका पात्रले भोगेका सामाजिक समस्यालाई प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ । उनका उपन्यासमा प्रयुक्त पात्रमार्फत राष्ट्रप्रतिको माया र समतामूलक समाजनिर्माणको मानसिकता सिर्जित गर्नु यसको प्रयोजन रहेको छ ।

### उजेली छामा उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *उजेली छामा* (२००८) उपन्यास विश्लेषणीय रहेको छ । प्रस्तुत उपन्यास छब्बीस परिच्छेद र एकसय एकतीस पृष्ठमा संरचित सामाजिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्र सौतेनी आमा र पण्डितजस्ता पात्रले स्वार्थवस उजेलीजस्ता नारीपात्रलाई दिएको मानसिक यातनाको चित्रण गर्नु यसको प्रयोजन रहेको छ । यस उपन्यासमा नेपाली समाजको राणाकालीन समयको सामाजिक चित्रण आएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन समाजका सौतेनी आमा र पण्डितले स्वार्थवश उजेलीलाई दिएको मानसिक यातनाको चित्रण गरिएको छ । उपन्यासमा नेपाली समाजका उजेलीजस्ता पात्रले झेल्नुपरेका दुःख, पीडा, जालझेल, शोषण, दमनका विषय प्रस्तुत गरिएको छ । उपन्यासमा उजेलीको विवाहका सम्बन्धमा उत्पन्न समस्याको समाधानमा आर्थिक लाभको आकांक्षामा स्वामीले दिएको प्रस्तुति यस्तो छ- "शिव शिव पहिले सबले आफ्नै काम मिलाउने भन्दछन्, लोकको चाला नै यै छ, दातामाताको नै भरमा बाँचेको म शिव शिव तिमीलाई लुकाउनु पर्ने कुरो के छ, जसको खायो सिता, उसैको गायो गीता" (मल्ल, २००८, पृ. २४) । यस उदाहरणमा समाजका ठालु मानिस आर्थिक प्रलोभनको मानसिकताबाट ग्रस्त भएका र यसका कारणले समस्याको समाधानभन्दा समस्या झन् बल्झिँदै गएको सन्दर्भ आएको छ । यस उपन्यासमा स्याङ्जा जिल्लाअन्तर्गत आँधीखोलाको किनारमा खेती गरेर बस्ने सुवर्णध्वज र त्यसको भौगोलिक विशेषता प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा राणाकालीन सामाजिक चित्रण, सौतेनी आमा र मुखियाले स्वार्थवस उजेलीलाई दिएको मानसिक यातना, आँधीखोलाको किनारमा खेती गरेर बस्ने सुवर्णध्वज र त्यसको भौगोलिक विशेषतालाई देखाउनु यसको प्रयोजन रहेको छ ।

### मायारानी उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *मायारानी* (२००९) उपन्यास विश्लेषणीय रहेको छ। यस उपन्यास बाइस परिच्छेद र एकसय सत्तरी पृष्ठमा संरचित सामाजिक ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत उपन्यासमा विवाहको विषयमा मायारानीलाई माग्न चौतरियाले पण्डितसँग गरेको प्रस्तुति यस्तो छ- "बुझ्यौ पण्डितजी ! आज मैले तिमीलाई बोलाएकै मुख्य कारण यही हो, तिम्रो हातमा यौटी हुर्केकी कन्या छन् भन्ने सुनेको छु, त्यो कन्या मलाई दिलाउन सक्यौ भने तिमीलाई म पुरस्कार दिनेहुँ" (मल्ल, २००९, पृ. २२) । यसमा चौतरियाले ब्राह्मणलाई प्रलोभनमा पारेर ललित र मायारानीको प्रेमप्रणयमा आघात गरेको सन्दर्भ आएको छ । उपन्यासमा

मायारानीको विवाह आफूले चाहेको व्यक्ति ललितसँग नभई करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग सम्पन्न हुँदा नारीजीवनमा उत्पन्न दर्दलाई उजागर गर्नु यसको प्रयोजन रहेको छ। प्रस्तुत उपन्यासमा प्राचीन समयमा प्रचलित गलत मान्यताको अन्त्य र गतिशील समाजनिर्माणका लागि नारी र पुरुष पात्रलाई समान शिक्षाको आवश्यकता रहेको सन्दर्भगत प्रयोजन व्यक्त भएको छ । यस उपन्यासमा प्राचीन समयमा प्रचलित गलत मान्यताको अन्त्य र गतिशील समाजनिर्माणका लागि नारी र पुरुषलाई समान शिक्षाको आवश्यकता रहेको सन्दर्भ आएको छ। प्रस्तुत उपन्यासमा मायारानीको विवाह करिब पैंसट्ठी वर्षका उखापोखरीका चौतरियासँग सम्पन्न हुँदा उत्पन्न समस्या उजागर हुनु तथा प्राचीन समयमा प्रचलित गलत मान्यताको अन्त्य र गतिशील समाजनिर्माणका लागि नारी र पुरुषलाई समान शिक्षाको आवश्यकता दर्साउनु यसको प्रयोजन रहेको छ।

### *पञ्चायत* उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *पञ्चायत* (२०१०) उपन्यास विश्लेषणीय रहेको छ । यस उपन्यास पन्ध्र परिच्छेद र चौरासी पृष्ठमा संरचित सामाजिक विषयवस्तुमा आधारित रहेको छ। प्रस्तुत उपन्यासमा समाजका प्रधान, मुखिया, साहु, पण्डित र पञ्चभलादमी मानिएका मानिसका स्वार्थलिप्त व्यवहारका सन्दर्भलाई उजागर गर्नु यसको प्रयोजन रहेको छ। उपन्यासमा सान्नानीलाई लोग्नेको मृत्यपछि जेठाजुले अंशभाग नदिएर घरबाट निकाल्दा समाजका मानिसले न्याय दिलाउन नसकेको सन्दर्भ आएको छ। प्रस्तुत उपन्यासमा गाउँको प्रमुख बन्नका लागि नयाँसाहुले गरेको खर्च र जालझेलका क्रियाकलापलाई देखाउनु यसको प्रयोजन रहेको छ। उपन्यासमा गाउँका सम्पन्न परिवारका मानिसले तत्कालीन समयमा जारी वा मागी बहुविवाह गरेको सन्दर्भ खुलाउनु यसको प्रयोजन रहेको छ। उपन्यासमा गाउँको प्रमुख बन्दा समाजमा इज्जत, मर्यादाका साथै आर्थिक लाभ हुने सन्दर्भमा उप्रेत खगनाथले दिएको प्रस्तुति यस्तो छ- "यो पञ्चायत हो पञ्चायत, यसमा कत्रो आम्दानी हुन्छन्" (मल्ल, २०१०, पृ. ९)। यस उदाहरणमा अनेक जालझेल गरेर पदमा पुग्ने अनि त्यसैका आधारमा अरुलाई दुःख दिएर आफ्नो स्वार्थपूर्ति गर्ने खगनाथ र नयाँ साहुजस्ता तत्कालीन समाजका मानिसको दृष्टिकोणको प्रस्तुति भएको छ । प्रस्तुत उपन्यासमा गाउँको प्रमुख बन्नका लागि गरिने खर्च, सामाजिक, जालझेल, गाउँका सम्पन्न परिवारका मानिसले जारी वा मागी जसरी भए पनि बहुविवाह गर्ने प्रचलनजस्ता तत्कालीन सन्दर्भलाई प्रस्तुत गर्नु यसको प्रयोजनको रहेको छ।

### *समयको हुरी* उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *समयको हुरी* (२०१५) उपन्यास विश्लेषणीय रहेको छ। उपन्यास तेत्तीस परिच्छेद र दुईसय छ पृष्ठमा संरचित सामाजिक विषयवस्तुमा आधारित रहेको छ। प्रस्तुत उपन्यासमा धनमती, विद्यामती, पद्मीजस्ता पात्रका माध्यमबाट नारीसमस्या, नारीशिक्षा, समतामूलक समाजनिर्माण र जातीय विभेद अन्त्यका विषय सशक्त रूपमा आएका छन् । उपन्यासमा पद्मी अछुत मानिएका कारणबाट नेपाली विद्याश्रममा पढ्न नपाउने तत्कालीन समाजको विभेदकारी अवस्थालाई सुधार्न विद्याका पिताले दिएको प्रस्तुति यस्तो छ- "समयअनुसारको चलन चल्नमा सबैको निमित्त श्रेयस्कर छ र चल्न बाध्य पनि हुनु पर्ने छ" (मल्ल, २०१५, पृ. २५) । यस उदाहरणमा विद्याका पिताको प्रगतिशील मानसिकता रहेको कुरा स्पष्ट हुन्छ । प्रस्तुत उपन्यासमा अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शन प्रस्तुत गर्ने पात्रका क्रियाकलापले मानिसका सामाजिक जीवनमा पारेको प्रभाव र समतामूलक समाजनिर्माणको मानसिकता सिर्जित गर्नु यसको प्रयोजन रहेको छ । यस उपन्यासमा राणाकालीन धङ्धङीमा अडेका पात्रले पद्मीलाई सर्किनी मान्नु र लिङ्गभेद गर्नु तथा कमजोर मानसिकता प्रस्तुत गर्नुमा यसको प्रयोजन खुलेको छ। प्रस्तुत उपन्यासमा अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनले मानिसमा पारेको प्रभाव, समाजलाई शिक्षित तुल्याएर समतामूलक समाजनिर्माणको सन्दर्भ, जातीभेद र लिङ्गभेदका सन्दर्भलाई उजागर गर्नु यसको प्रयोजन रहेको छ ।

### *भुमरी* उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *भुमरी* (२०१६) उपन्यास विश्लेषणीय रहेको छ । यस उपन्यास सोह्र परिच्छेद र सतासी पृष्ठमा संरचित सामाजिक विषयवस्तुमा आधारित रहेको छ । उपन्यासमा सामाजिक तथा राजनीतिक दाउपेचलाई दर्साउनु यसको प्रयोजन रहेको छ । उपन्यासमा मुलुकमा राजनीतिक परिवर्तनका लागि समाजमा सङ्गठन गर्दै हिँडेको किरणको आमा विक्रमसिंहबाट बलात्कारमा परेको कुकृत्यलाई समाजका अगाडि नल्याएको सन्दर्भ तथा मानिसले दासदासी राखेको सन्दर्भमा आएको प्रस्तुति यस्तो छ- "युवती नारीहरू उपर बलजफत गरिन्थ्यो तर यो कुरो समाजमा ढाकछोप पारेर राखिन्थ्यो" (मल्ल, २०१६, पृ. ७०)। यस उदाहरणमा त्यस समयका मानिस अफिमको नसामा लिप्त रहेको र त्यही लिप्तताका कारण कुमारी कन्या नारीलाई बलत्कार गरी गर्भिणी बनाएको प्रस्तुति आएको छ। यसमा इज्जतका खातिर गर्भिणी कुमारी कन्या नारीले त्यस्तो कुकृत्यलाई समाजसमक्ष ल्याउन नसकेको सन्दर्भ आएको छ। प्रस्तुत उपन्यासमा अविवाहित आमा र विधवा नारीका विचार आएका छन्। उपन्यासमा सहरिया परिवेशका उच्चवर्गीय मानिसको आचरणबाट उत्पन्न कुमारी आमाका व्यथा र बालविधवा गङ्गा अनि जमुनाका बीचमा रहेको विभेदका सन्दर्भ ल्याउनु यसको प्रयोजन रहेको छ । प्रस्तुत उपन्यासमा उच्चवर्गीय पुरुष पात्रबाट तिरष्कृत नारीमनका मनोदशागत चित्रण गर्नुमा प्रयोजन व्यक्त भएको छ। उपन्यासमा नयाँसाहुका ठगीका क्रियाकलाप प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ। प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रका माध्यमबाट नेपाली समाज सामाजिक, आर्थिक, धार्मिकजस्ता सांसारिक बन्धनमा जेलिएको र त्यसलाई तोड्न मानसिकता दह्रो बनाउनु पर्ने सन्दर्भ प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ । उपन्यासमा उच्चवर्गीय मानिसका चिन्तन, तिरष्कृत नारीमनका मनोदशा, सामाजिक तथा राजनीतिक दाउपेच, कुमारी आमाका व्यथा र बालविधवा गङ्गा अनि जमुनाका बीचमा रहेको विभेदका सन्दर्भ उजागर गर्नु यसको प्रयोजन रहेको छ।

### *बहादुर नजर* उपन्यासको प्रयोजन

प्रयोजनका दृष्टिले *बहादुर नजर* (२०३६) उपन्यास विश्लेषणीय रहेको छ । यस उपन्यास एक्काइस परिच्छेद र एकसय सत्ताइस पृष्ठमा संरचित समाजपरक ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ। प्रस्तुत उपन्यासमा बहादुर शाह बेतियामा रहँदा आर्थिक अभावका साथै विशेष अवसरमा राजपरम्पराअनुरूप कार्यम्पादन नभएको जीवनवृत्त आएको पाइन्छ। उपन्यासमा नजरले बहादुर शाहलाई असर्फी सहयोग गर्नुमा त्यस समयका मानिसमा विद्यमान रहेको सहगोगी मानसिकता आएको देखिन्छ। प्रस्तुत उपन्यासमा एकीकरण अभियानका कारण जीवन अस्तव्यस्त हुँदा सन्ततिको संरक्षणको सन्दर्भमा बहादुर शाहले नजरलाई र नजरले बहादुर शाहलाई दिएको प्रस्तुति यस्तो छ- "नजर मैले भनेको माने छोराका निमित्त तिमी माइत जाऊ, मन पर्दैन, नजरले शून्य नजरले शून्य गगनमा हेरिन्" (मल्ल, २०३६, पृ. १२४) । यस उदाहरणमा सन्तानप्रतिको मायाभाव प्रस्तुत भएको छ । प्रस्तुत

उपन्यासमा चतुर, रूपा, माभ्कीजस्ता पात्रको अभावग्रस्त जीवनशैली उजागर भएको छ । उपन्यासमा बहादुर शाहको कार्यकुशलता र चातुर्य गुणले गर्दा नै नेपालको सीमा पूर्वमा टिष्टा र पश्चिममा गण्डकीसम्म विस्तारमा सम्भव भएको ऐतिहासिक सन्दर्भलाई उजागर गर्नु यसको प्रयोजन रहेको छ । प्रस्तुत उपन्यासमा बहादुर शाहको विचारलाई राज्यले ग्रहण नगरी अन्याय गरेको सन्दर्भका साथै प्रेमको नवीनतम स्वरूप प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ । उपन्यासमा बहादुर शाहको विचारलाई राज्यले ग्रहण नगरी अन्याय गरेको सन्दर्भका साथै प्रेमको नवीनतम स्वरूप प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ ।

**जेली उपन्यासको प्रयोजन**

प्रयोजनका दृष्टिले *जेली* (२०३९) उपन्यास विश्लेषणीय रहेको छ । यस उपन्यास चौबीस परिच्छेद र एकसय अठ्ठाइस पृष्ठमा संरचित सामाजिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाज असामानताले जेलिएको प्रस्तुति आएको छ । उपन्यासमा राजनीतिक तथा सामाजिक विषयका सन्दर्भ आएका छन् । प्रस्तुत उपन्यासमा साहुका व्यवहार र ठगका क्रियाकलापका सन्दर्भ आएका छन् । उपन्यासमा गीतालाई देवदासले विवाह गरेर साना-तिना विवादमा घरनिकाला गरी अलपत्र पारेको सामाजिक क्रियाकलापमा आएको प्रस्तुति यस्तो छ- “संसारमा सबैभन्दा दुःख आफ्ना बन्धुहरूदेखि तिरस्कृत हुनुहन्छ, त्यो भन्दा पनि बढी दुःख आफ्ना प्रेमीहरूबाट तिरस्कार पाउनु छ” (मल्ल, २०३९, पृ. ६१) । प्रस्तुत उदाहरणमा मानिसलाई सबैभन्दा दुःख आफ्ना बन्धुबान्धवको तिरस्कार र प्रेमीबाट बहिर्गमन हुँदा हुने सन्दर्भगत प्रस्तुति आएको छ । उपन्यासमा देवदासबाट अपमानित भएकी गीताको दुःखदायी जीवनशैलीका कारण सानो रोगबाट बिरामी भएर कसैलाई नभनी मृत्य वरण गर्न खोजेको सन्दर्भ आएको छ । उपन्यासमा राजनीतिक तथा सामाजिक सन्दर्भ, साहुका व्यवहार र ठगका क्रियाकलाप, नेपाली समाज सामाजिक, आर्थिक, धार्मिकजस्ता सांसारिक बन्धनमा जेलिएको र तोड्न सङ्घर्ष आवश्यक रहेको सन्दर्भलाई उजागर गर्नुयसको प्रयोजन रहेको छ । उपन्यासमा आएका यस्ता सामाजिक, ऐतिहासिक तथा राजनीतिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिलाई निराकरण गर्नु यसको प्रयोजन रहेको छ ।

**रामछायाँ उपन्यासको प्रयोजन**

प्रयोजनका दृष्टिले *रामछायाँ* (२०६२) उपन्यास विश्लेषणीय रहेको छ । यस उपन्यास पन्ध्र परिच्छेद र एकासी पृष्ठमा संरचित समाजपरक ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ । प्रस्तुत उपन्यासमा सिञ्जाको ऐतिहासिक सन्दर्भका साथै राउटे, कुसुण्डा र सिञ्जाली समाजको चित्रण आएको छ । उपन्यासमा सिञ्जा राज्य आर्थिक, सांस्कृतिक तथा भाषिक रुपमा सम्पन्न रहेको चित्रण आएको छ । प्रस्तुत उपन्यासमा राउटे प्रजातिको नाचगान र सांस्कृतिक परम्परागत प्रस्तुति यस्तो छ- “महादेव नाच्छ, पार्वती हेर्छ, पार्वती पनि कहिँ नाच्छ ? महादेवले नचाउँछ ? नचाउँदैन, हामी महादेवको भक्त हो, हामी पनि आइमाईलाई नचाउँदैन, अरुले नचाए पनि हेर्दैन, पाप लाग्छ” (मल्ल, २०६२, पृ. २८) । प्रस्तुत उदाहरणमा राउटे प्रजातिका मानिसको धर्म, संस्कार र संस्कृतिमा नारीजातिलाई नचाउन नहुने अरु नारीजाति नाचेको हेरेमा पाप लाग्ने प्रस्तुति आएको छ । उपन्यासमा सिञ्जा राज्यको शक्ति, राजकुमारको प्रेमको प्रसङ्ग अनि जङ्गलमा विचरण गर्ने राउटे, कुसुण्डा र मानुषको विशेषता प्रस्तुत गर्नु नै यसको प्रयोजन रहेको छ । यस उपन्यासमा राजकुमारको वीरता र आत्मीय प्रेमको सन्दर्भ प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ ।

मल्लका उपन्यासलेखनको प्रयोजन सुदूर ग्रामीण, ग्रामीण र सहरिया समाजको प्रकृति र प्राकृतिक परिवेशका साथै सामाजिक, ऐतिहासिक, राजनीतिक परिवेशको सजीव चित्रण गर्नु रहेको छ । प्रस्तुत उपन्यासमा आएका घटना र पात्रले मानिसलाई निरन्तर गतिशील बन्न र समतामूलक चिन्तन छर्न प्रेरित गर्नु यसको प्रयोजन रहेको छ । उपन्यासमा आएका उद्योगी भावना, शैक्षिक जागरण, समाजसुधारका साथै राष्ट्रनिर्माणको भावनालाई प्रस्तुत गर्नु यसको प्रयोजन रहेको छ । उनका उपन्यासको मूल प्रयोजन सामाजिक तथा ऐतिहासिक विषयलाई केन्द्रभागमा राखेर त्यस समयको नेपाली समाज तथा इतिहासको सजीव चित्र उतारेर हरेक क्षेत्रलाई सचेत तुल्याउनु रहेको छ । उनका उपन्यासमा मानिसलाई निरन्तर गतिशील बनी समतामूलक समाजनिर्माणका चिन्तन आएका छन् । मल्लका उपन्यास लेखनको प्रयोजन अगिल्लो पुस्ताले पछिल्लो पुस्तालाई असल विचार हस्तान्तरण गर्नुपर्ने रहेको छ । उनका उपन्यासमा उद्योगी भावना, शैक्षिक जागरण र समाज सुधारसम्बन्धी राष्ट्रनिर्माणको भावनाका व्यक्त भएका छन् । मल्लका उपन्यासको प्रयोजन समाजका सबै जातजातिले भोगेका सामाजिक समस्यालाई प्रस्तुत गर्नु रहेको छ । उनका उपन्यासलेखनको प्रयोजन हरेक नागरिकमा राष्ट्रप्रतिको माया र समतामूलक व्यवहार जागृत गराउनु रहेको छ । उनका उपन्यासमा मानिस बसोवास गरेको भूगोल, तत्कालीन समय र सामाजिक सन्दर्भको चित्रण गरिएको छ । मल्लका उपन्यासमा नारीवेदना र नारीचेतनाका विषय प्रस्तुत गरिएको छ । उनका उपन्यासलेखनको उद्देश्य नेपाली गाउँले समाजका नारीपात्रका यातना र परिवारले दिएका दर्दलाई उजागर गर्नु रहेको छ ।

मल्लका उपन्यासमा तत्कालीन समयका शोषक पुरुषवर्गबाट महिलामाथि भएका अत्याचारपूर्ण व्यवहार प्रस्तुत भएका छन् । मल्लले नारीपात्र उजेली र मायारानीको केन्द्रियतामा उपन्यासको नामकरण गरेका छन् । समाजका महिलामा सासू, बुहारी र छोरीका विषयमा सासूले बुहारीलाई गर्ने व्यवहार तथा छोरीलाई गर्ने व्यवहार र बुहारीले सासूलाई गर्ने व्यवहार, आफ्नै कोखबाट जन्मिएको सन्तान र सौताका छोराछोरीप्रति गर्ने व्यवहार तथा विधवा महिलालाई समाजले गर्ने व्यवहारमा समानता नरहेको सन्दर्भ प्रस्तुत गर्नु उनका उपन्यासको प्रयोजन रहेको छ । मल्लका उपन्यासमा परिवारका मानिसबाट दोषको भागी हुनुपर्ने, जग्गा-जमिनका लागि परपुरुषसँग सम्बन्ध भएको भ्कुठा प्रमाण तयार गर्ने र घरबाट निकाला गर्ने, अनर्गल प्रचार गराएर सामन्तले स्वार्थका लागि महिला उपयोग गर्नेजस्ता सामाजिक जालभ्केल र छलकपटबाट पिल्सिएका पात्रको मनोदशाको कारुणिक चित्रण प्रस्तुत गर्नु उनका उपन्यासको प्रयोजन रहेको छ । मल्लका उपन्यासमा आएका यस्ता सामाजिक, ऐतिहासिक तथा राजनीतिक अवस्थाको चित्रण गरी त्यस क्षेत्रका विकृति विसङ्गतिलाई निराकरण गर्नु उनका उपन्यासको प्रयोजन रहेको छ ।

## निष्कर्ष

अन्त्यमा प्रस्तुत अध्ययनलाई एक ठाउँमा राखेर हेर्दा सामाजिक, राजनीतिक तथा ऐतिहासिक यथार्थका विषयवस्तुमा आधारित उपन्यासमा राणाकालदेखि पञ्चायत हुँदै प्रजातान्त्रिक समयको नेपाली समाजको वास्तविक स्वरूप समान्तवादी, लैङ्गिक तथा जातीय विभेद रहेको तथ्य प्राप्त भएको छ । उनका उपन्यासमा प्रस्तुत भएका अन्धविश्वास, भाग्यवाद, रुढिवाद, चाकरीप्रथा, पुस्तान्तरण, स्वजातीयप्रेम, देशप्रेम, आध्यात्मिक तथा भौतिकवादी चिन्तन, सामाजिक तथा राजनीतिक क्रान्तिचेतनाको प्रस्तुति भएको छ । मल्लका उपन्यासमा त्यस समयको लामो

कालखण्डअन्तर्गका नेपाली समाजमा बिद्यमान सामाजिक, राजनीतिक तथा ऐतिहासिक सन्दर्भमा सामन्तवादी भेदभावलाई संरक्षण गर्ने त्यस समयको शासनव्यवस्थाको अन्त्य गरी जनमुखी शासनव्यवस्थाको स्थापना अपरिहार्य रहेको सन्दर्भ प्रस्तुत भएको छ । उनका २००८ देखि २०६२ सालसम्मका पाँच दशकभित्र प्रकाशित उपन्यासहरूलाई हेर्दा सामन्तवादी संस्कृतिप्रति प्रतिरोधात्मक चेतना प्रखर बन्दै गएको छ । राणाकालदेखि पञ्चायत हुँदै प्रजातान्त्रिक कालखण्डका शासकहरूका क्रियाकलापप्रति नेपाली समाजका मानिसमा राजनीतिक सचेतना, त्यसमा पनि नारीप्रति लैङ्गिक चेतना जागृत भएको देखिन्छ । यसबाट नेपाली समाजमा यथास्थितिमा रहन नचाहेर परिवर्तका लागि गति बढाएको सन्दर्भ प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ । उनका उपन्यासमा राणाकालदेखि पञ्चायत हुँदै प्रजातान्त्रिक कालखण्डसम्मका नेपाली समाजको सामाजिक स्थितिलाई परिवर्तन गर्न आवश्यक रहेको लेखकीय चिन्तन प्रकट भएको छ । मल्लका उपन्यासमा वर्णित चाकरी प्रथा, नातेदार पोस्ने प्रवृत्ति र भनसुनबाट लाभ लिने संस्कृतिजस्ता क्रियाकलाप हिजो र आजको समाजमा विद्यमान रहेका सामाजिक तथा राजनीतिक विसङ्गति प्रकट भएका छन् । उनका उपन्यासमा आएका व्यवस्थाभन्दा व्यक्तिमा केन्द्रित यस्ता प्रवृत्ति त्यसबेलाको समाज र आजको समाजमा विद्यमान रहेको सन्दर्भगत प्रस्तुति आएको पाइन्छ । मल्लका उपन्यासमा आएका जागरुक पात्रहरू साहित्यिक तथा शैक्षिक संस्था स्थापना गरी सामाजिक चेतना अभिवृद्धिमा लागेका छन् । उनका उपन्यासमा शिक्षाको अवसर हिजोको समाजमा पनि नभएको र आजको समाजमा पनि नभएर विदेश धाउनुपर्ने बाध्यात्मक अवस्थाको चित्रण आएको छ । मल्लका उपन्यासमा आएका विषयवस्तु र घटनाक्रम तत्कालीन समाजसँग तादात्म्य रहेका छन् । उनका औपन्यासिक कृति प्रयोजनपरक दृष्टिले प्रभावकारी र सम्प्रेष्य रहेका छन् । यसर्थ प्रयोजनपरक दृष्टिले मल्लका समग्र उपन्यास सबल रहेका छन् ।

**Ethical Approval for Research:** Not applicable:

**Conflict of Interest:** No conflict of interest

**Ethical Conduct of Research:**
I declare that this work has been ethically conducted.

## सन्दर्भग्रन्थ सूची


अधिकारी, गङ्गाधर (२०६२), ओभ्रेलमा परेका स्रष्टा र उनको भुमरी उपन्यास, *कालञ्जर,* २/२- ३, पृ. ९३-९६ ।

अधिकारी, शिवराज (२०६०), *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

आचार्य, कमलनयन (२०६६), *समयको हुरी उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, ध.ब.क्या., त्रि.वि. ।

उपाध्याय, केशवप्रसाद (२०६७), *साहित्य-प्रकाश* (सातौँ संस्क.), साभ्रा प्रकाशन ।

खत्री, इन्द्रमान (२०६२), पढ्नैपर्ने, मनन गर्नैपर्ने जेलीको मर्म, *कालञ्जर,* २/२-३, पृ. १०३-१०५ ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

ज्ञवाली, विष्णु (२०६२), मोहनबहादुर मल्लको पञ्चायतलाई हेर्दा, *कालञ्जर,* २/२-३, पृ. ९८-९९ ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय* (पाँचौ संस्क.), साभ्रा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद (२०२६), मोहनबहादुर मल्लका उपन्यासहरूको संक्षिप्त विवेचना, *बुकी,* पृ. २२७ - २४० ।

पाण्डेय, फणिन्द्रप्रसाद (२०५७), *संस्कृत नेपाली बृहत् शब्दकोश,* महेन्द्र संस्कृत विश्वविद्यालय ।

पौडेल, यदुनाथ (२०४८), *मोहनबहादुर मल्ल र उनका प्रतिनिधि उपन्यासहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

पौड्याल, शारदा (२०६२), मोहनबहादुर मल्ल र उनको औपन्यासिक यात्रा, *कालञ्जर.* २/२-३, पृ. ११६-११९ ।

पौड्याल, षडानन्द (२०६३), ऐतिहासिक आधारभूमिमा समाहित रामछायाँ उपन्यासलाई विहङ्गावलोकन गर्दा, *कालञ्जर.* ३/४, पृ. १७-२६ ।

पौड्याल, षडानन्द (२०६५), नेपाली उपन्यासको क्षेत्रमा मोहनबहादुर मल्लको योगदान, *प्रज्ञासारथि,* ८/८, पृ. ९०-९६ ।

पौड्याल, षडानन्द (२०६१), बहादुर नजरभित्र आलोडित हुँदा, *कालञ्जर,* १/१, पृ. २३-२६ ।

पौड्याल, षडानन्द (२०७१), मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, अनुसन्धान केन्द्र, ने.सं.वि. ।

पौड्याल, षडानन्द (२०७२), *मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद,* दीअ प्रकाशन, रत्न श्रेष्ठ पुरस्कार गुठी ।

बराल, ईश्वर (२०१९), नेपाली उपन्यास : मङ्गली र समयको हुरी, *नेपाली,* १४, पृ. ३६-४२ ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.), साभ्रा प्रकाशन।

मल्ल, मोहनबहादुर (२००८), *उजेली छामा,* जोरगणेश छापाखाना ।

मल्ल, मोहनबहादुर (२०३९), *जेली,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, मोहनबहादुर (२०१०), *पञ्चायत,* जोरगणेश छापाखाना ।

मल्ल, मोहनबहादुर (२०३६), *बहादुर नजर,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, मोहनबहादुर (२०१६), *भुमरी,* जोरगणेश छापाखाना ।

मल्ल, मोहनबहादुर (२००९), *मायारानी,* जोरगणेश छापाखाना ।

मल्ल, मोहनबहादुर (२०६२), *राम छायाँ,* मोहनबहादुर मल्ल साहित्य-प्रतिष्ठान ।

मल्ल, मोहनबहादुर (२०१५), *समयको हुरी,* साभ्रा प्रकाशन ।

रिजाल, शारदा (२०६२), मोहनबहादुर मल्ल र उनको औपन्यासिक यात्रा, *कालञ्जर,* २/२-३, पृ. ११६-११९ ।

रेग्मी, नारायणप्रसाद (२०६२), मोहनबहादुर मल्लको उजेली छामा: एक विश्लेषणात्मक अध्ययन, *कालञ्जर,* २/२-३, पृ. ६६-७४ ।

रोशन, काजी (२०६३), मनका ज्वाराभाटभित्र मोहनबहादुर मल्ल, *कालञ्जर,* ३/४, पृ. १४ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विकल्प, इन्द्रकुमार (२०५५), *स्वर्गीय मोहनबहादुर मल्लको सङ्क्षिप्त जीवनी,* इन्द्रकुमार विकल्प ।

शर्मा, मोहनराज (२०५०), *कथाको विकासप्रक्रिया* (दोस्रो संस्क.) साभ्राप्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०६८), *मोहनबहादुर मल्लको उजेली छ्यामा उपन्यासको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, ध.ब.क्या., त्रि.वि. ।

सापकोटा, धनराज (२०६२), उपन्यासकार मोहनबहादुर मल्ल र उनको समयको हुरी उपन्यासः एक अध्ययन, *कालञ्जर,* २/२-३, पृ. ४५-५२ ।

सिलवाल, आनन्दराज (२०७४), चिन्तन र चेतनाका दृष्टिमा समयको हुरी उपन्यास, *अनुसन्धानमूलक लेखसङ्ग्रह,* पृ. ४४-५६ ।

सिलवाल, आनन्दराज (२०७४), युगीन सन्दर्भका दृष्टिमा समयको हुरी उपन्यास, *प्रज्ञासारथि,* १७/१६, पृ. २७-३५ ।

सिलवाल, आनन्दराज (२०७४), शैलीशिल्पगत दृष्टिमा समयको हुरी उपन्यास, *शैक्षिक अनुशीलन,* ३, पृ. २२-२८ ।

सिलवाल, आनन्दराज (२०७५), समयको हुरी उपन्यासमा प्रयुक्त विचार, *शैक्षिक अनुशीलन,* ४, पृ.३३-४१ ।

## Authors' Bionotes

Ananda Raj Silwal is an Assistant Professor of Nepali in Tribhuvan Univesity. He is pursuing PhD in Nepali literature. He has contributed diverse field of Nepali language and literature through numbers of articles in these fields. His area of interest is Neplai Flok literature.